# जनआन्दोलनको सहयोगमा बिरोध प्रदर्शनको आयोजना

मितिः १७ अप्रिल, २००६

आदरणिय बेलायत बासी नेपाली दाजुभाई दिदि बहिनिहरु, बिभिन्न संघसंस्थाहरु, नेपाल र नेपालीलाई माया गर्ने नेपालका मित्रहरु,

हाम्रो सिंगो मातृमुमि लोकतन्त्र स्थापनाको लागी बिभिन्न आन्दोलनका चरणहरु पार गर्दै निर्णायक मोडमा आईपुगेकोछ । विभिन्न संघ संस्थाहरु, संस्थान कर्मचारीहरु गैरसरकारी संघसंस्थाहरु, पेशागत संगठनहरु, बिद्यार्थीहरु, शिक्षकहरु कलाकारहरु मजदुर, सरकारी कर्मचारीहरु महिला, बृद्ध, युवा लगायत सम्पुर्ण नेपाली जनताहरु शान्तिपुर्ण जनआन्दोलनमा भाग लिईरहेकाछन् भने आन्दोलनरत दलका नेताहरुले सुरक्षाकर्मीहरुलाई असंबैधानिक सरकारको आदेशको अवज्ञागर्न र करदाताहरुलाई सरकारलाई कर महसुल नतिर्न समेत आवहान गरेकाछन् । त्यस्तै हाललाई बिदेशवाट रेमिटेन्स नपठाउन र बिदेशी राष्ट, संघ संस्थाहरुलाई हाल सरकारसंग कुनै किसिमको सहयोग संझौता नगर्न समेत आवहान भएको सबैमा बिदितै छ । यस अवस्थामा पनि निरंकुस शाही सरकार भने स्वतन्त्रताको लागी शान्तिपुर्ण प्रदर्शन गरिरहेका शान्तिकामी जनता माथी अन्धधुन्द गोली चलाएर निर्मम हत्या गर्ने, लाठी चार्ज गर्दै अंगभंग पार्ने र बुटले हिर्काएर मरणशन्न बनाउने, प्रदर्शनकारीहरु, नागरिक समाजका अगुवाहरु र राजनैतिक नेता कार्यकर्ताहरुलाई बिनाकारण पकाउ गर्ने थुनामा राख्ने यातना दिने, बेपत्ता पार्ने जस्ता मानव अधिकार र जनस्वतन्त्रता बिरोधी दमनकारी निति अख्तियार गर्दै आन्दोलन दवाउन उद्वत रहेकोछ । यसरी भैरहेको सरकारी दमनकारी हस्तक्षेपको सोलिडारिटी नेपाल यु के घोर भर्त्सना गर्दछ ।

नेपालमा भैरहेको जनआन्दोलनलाई समर्थन र सहयोग गर्न विश्व समुदायहरुले समेत ऐक्यवद्धता जनाउदै जनअधिकारको पुर्नवहालीका लागि दवाब दिईरहेकाछन् भने नेपाल वाहिर बसोवास गरिरहेका नेपालीहरु र बिभिन्न संगठनहरुले समेत यस निर्णायक आन्दोलनलाई सहयोग र समर्थन गर्दै बिभिन्न प्रदर्शन र कार्यक्रमहरु गरिरहेकाछन् । यसै सन्दर्भमा बेलायत वासी हामी नेपालीहरु र यहांका संघसंस्थाहरुले पुर्‍याईरहेको योगदान र सहयोग सबै पक्षवाट उल्लेखनिय रहिआएकोछ । नेपालमा निरंकुसताको अन्त्य गरि लोकतन्त्र स्थापनाको लागी भैरहेको निर्णायक जनआन्दोलनमा सबै पक्षहरुवाट बिभिन्न कार्यक्रम सहित सहयोग र समर्थन निरंतर जारी राख्न सोलिडारिटी नेपाल, यु के ( Solidarity for Democracy, Human Rights & Peace in Nepal, UK) ले २५ अप्रिल, २००६ मा दिनको १२.३० बेलायत स्थित नेपाली राजदुतावास अगाडी बृहत जनप्रदर्शन कार्यक्रमको आयोजना गरेकोछ । यस प्रदर्शन कार्यक्रममा संयुक्त अधिराज्य स्थित सबै नेपाली दाजुभाई दिदिवहिनिहरु र राजनैतिक, सामाजिक, सांस्कृतिक तथा पेशागत संगठनहरुलाई उक्त कार्यक्रममा सहभागी भै नेपालमा भैरहेको निर्णायक जनआन्दोलनमा ऐकबद्धता प्रकट गर्नहुन हार्दिक अनुरोध गर्दछौ । यस प्रदर्शन कार्यक्रमको बिस्तृत बिबरणको लागी www.npccuk.org र www.nepalisandesh.com हेर्नहुन सबैमा अनुरोध समेत गर्दछौ ।

१ पुरुषोत्तम पौडेल – उपाध्यक्ष- सोलिडारिटी नेपाल यु के

२ आङ्‌कलजंग लामा - महासचिव- सोलिडारिटी नेपाल यु के